## आ.ब.२०७८/०७९ को बैठक नं.६ मिति २०७८/११/२३ गतेको बोर्ड बैठकको प्रस्ताव तथा निर्णयहरु :-

**प्रस्तावहरुः-**

**१. अघिल्ला बैठकका निर्णय कार्यान्वयन समिक्षा ।**

**२. क्रिकेट मैदान व्यवस्थापन सम्बन्धमा ।**

**३. कियापुत्री भवन निर्माण सम्बन्धमा ।**

**४. चार्जिङ्ग स्टेशन सम्बन्धमा ।**

**५. NTV र दशबिगाह सँग जोडिएको जग्गाको क्षेत्रफल सम्बन्धमा ।**

**६. खुला मैदानहरुको व्यवस्थापन सम्बन्धमा ।**

**७. विविध -**

**(क) यस कार्यालयमा दर्ता भएका विभिन्न निवेदनहरुको सम्बन्धमा ।**

**१. तरकारी तथा फलफुल बजारको व्यवस्था सम्बन्धमा ।**

**२. मुद्दती खाता खोल्ने सम्बन्धमा :**

टिकाराम ढकाल
सदस्य सचिव

**निर्णयहरु :-**

**निर्णय नं. १**

मिति २०७८/१०/२९ गतेको यस समितिको बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीध्र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा यस कोहलपुर नगर विकास् समितिको तेश्रो चरण क्षेत्र अन्तरगतको अन्तराष्ट्रिय क्रिकेट मैदान संचालन तथा प्रवद्धनको लागि सो खेल मैदानको यस अधिको बैठकबाट भोगचलन गर्न बाँके जिल्ला क्रिकेट संघलाई उपलब्ध गराइदिन निर्णय गरी सिफारिस गरिएकोमा सो संस्था सरकारी निकाय नभएको हुँदा सो जग्गा कोहलपुर नगरपालिकाको स्वामीत्व रहने गरी भोगाधिकार दिने स्वीकृतिको लागि सहरी विकास मन्त्रालयमा लेखि पठाउने र खेलकूद मैदान निर्माण लगायत संचालन मोडालिटीको सम्बन्धमा नगरपालिकाबाट निर्णय हुने गरी शहरी विकास मन्त्रालयमा स्वीकृतीको लागि लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ मा छलफल गर्दा यस समितिको मिति २०७७/१२/२२ गतेको बोर्डबाट क्रियापुत्री भवन निर्माण गर्ने भनी निर्णय भए बमोजिम प्रस्तावित डिजाइन बमोजिमको नक्शा बमोजिम चालु आर्थिक वर्षमा विनियोजित बजेट रु.६० लाख भएकोमा प्राविधिक इस्टिमेट गरी रु.७० लाख सम्मको लागत अनुमान स्वीकृत गर्ने र विद्युतीय माध्यमबाट बोलपत्र गरी कबुल रकममा विनियोजित बजेटले नपुग हुने भए सो रकम समितिबाट ब्यहोर्ने गरी क्रियापुत्री भवन निर्माण गर्ने र क्रियापुत्री भवन निर्माण पश्चात सोको संचालन मोडालिटी मापदण्ड बनाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ मा छलफल गर्दा यस समितिको मिति २०७८/११/०३ गते मिसन टुडे राष्ट्रिय दैनिक पत्रिका तथा यस समितिको वेबसाईट www.ktdc.gov.np मा प्रकाशित यस कोहलपुर नगर विकास समितिको "खाली जग्गा भाडामा दिन दरभाउपत्र आब्हानको सूचना" अनुसार सातौ दिन सम्म जम्मा तीन वटा फारम विक्री भई आठौ दिन मिति २०७८/११/१० गते सम्म सोही तीन वटा सिलबन्दी दरभाउ पत्रहरु दर्ता हुन आएका र ती सिलबन्दी दरभाउपत्रहरु सोही आठौ दिन दिनको १:०० बजे खोलिएका र त्यसरी खोलिएका सिलबन्दी दरभाउपत्रहरु मूल्यांकन समितिले मिति, २०७८/११/१८ गते पेश गरेको निर्णय बमोजिम अधिकतम कबुल गर्ने बि.बि.इन्टरप्राइजेज,कोहलपुर-१०, बांके मासिक कबोल अंक रु.२०,१००।-(अक्षरुपी बिस हजार एक सय मात्र) स्वीकृत गरी सो फर्म सँग सम्झौता गरी अघिल्लो बैठकको निर्णयानुसार शर्त एवं दरभाउपत्र सूचनामा उल्लेखित शर्तको अधिनमा रही जग्गा भाडामा उपलब्ध गराउनुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं.५ मा छलफल गर्दा यस नगर विकास समितिको योजना क्षेत्र भित्र रहेको दशविगाह क्षेत्रको पश्चिम तथा NTV कार्यालयको दक्षिण तर्फको सिमानामा नापजाच गर्दा जग्गा नपुग हुने गुनासो प्राप्त भएकोले सो विषयको सन्दर्भमा नापी कार्यालय, बाँकेलाई जग्गाको यथार्थ नापजाँच सहितको प्रतिवेदन तयार गरी समितिमा पेश गर्न अनुरोध गर्ने र सो सम्बन्धमा बृहत रुपमा छलफल गरी सहमती जुटाउन पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं.६ मा छलफल गर्दा यस नगर विकास समितिको योजना क्षेत्रमा रहेका विभिन्न खुला मैदानहरुलाई सार्वजनिक प्रयोग तथा खेलकूद लगायत प्रयोजनका लागि विकास गर्न प्राविधिक इस्टिमेट बमोजिम माटो पटान गरी लेबल मिलाउने कार्य तत्काल अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ विविध:-**

**निर्णय नं. ७ विविध (क) १ :** प्रस्ताव नं.७ विविध (क) को १ मा छलफल गर्दा यस नगर विकास समितिको प्लानिङ्ग क्षेत्रमा रहेको फलफूल तथा तरकारी बजारको बाहिर पट्टि अव्यवस्थित रुपमा फुटपाथमा तरकारी तथा फलफूल बिक्री गरी फोहरमैला उत्सर्जन भई सहरको सौन्दर्यतामा समेत असर परेको सन्दर्भमा प्लानिङ्ग क्षेत्रको प्लट नं.१४६ को क्षेत्रफल ३१६८ (ब.मि.) को जग्गामा सो फुटपाथमा रहेका पसल व्यवस्थापन गर्ने गरी प्रतिश्पर्धाको माध्यमबाट मासिक भाडा समितिमा बुझाउने गरी सूचना गरेर अधिकतम् भाडा कबुल गर्ने संस्थालाई न्यूनतम् ५(पाँच) वर्षको लागि लिजमा दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ७ विविध (क) २ :</u>** प्रस्ताव नं.७ विविध (क) को २ मा छलफल गर्दा नेपाल राष्ट्र बैंक नेपालगंजको मिति २०७८/११/११ को पत्रानुसार हाल फुकुवा भएको एनआईसि एसिया बैंकमा रहेको रकम रु.२,००,००,०००।-(अक्षरुपी दुई करोड मात्र) लाई प्रस्ताव पेश भएका विभिन्न ४ वटा बैंकहरुमा ५०/५० लाखको दरले वार्षिक ब्याजदर १० प्रतिशतमा घट नहुने गरी यस समितिको नाममा ३(तीन) महिने मूद्दती खाता खोल्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. बैंक अफ काठमाण्डौ,
२. सिभिल बैंक लि.,
३. एनआईसी एसिया बैंक लि.,
४. प्राइम कमर्शियल बैंक लि. ।

टिकाराम ढका
सदस्य सचिव